बैठक संख्या: ७।२०८१

बैठक मितिः २०८१।२।२२, समयः दिनको ३:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।२।२२ गते मंगलबार दिनको ३:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारी | | | |
| १ | श्री सुमन पौडेल | अधिकृत | |
| २ | श्री निरज चौधरी | स.क.अ | |

बैठक संख्याः ७।२०८१
बैठक मितिः २०८१।२।२२, समयः दिनको ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

प्रस्तावहरु

१. प्रस्ताव नं. १ : झुम्का आधारभुत अस्पत्ताल संचालन गर्न मर्मत सम्भार गर्ने सम्वन्धमा ।
२. प्रस्ताव नं. २ : भा.सि. मा.वि.को रंगरोगन गर्ने सम्वन्धमा ।
३. प्रस्ताव नं. ३ : डिजीटल एक्सरे मेशिन खरीद सम्वन्धमा ।
४. प्रस्ताव नं. ४ : एम्वुलेन्सको ड्राईभरको तलव सम्वन्धमा ।
५. प्रस्ताव नं. ५: पशुको औषधी खरीद सम्वन्धमा।
६. प्रस्ताव नं. ६ : विधेयक तर्जुमाको सैद्धान्तिक सहमति सम्वन्धमा ।
७. प्रस्ताव नं. ७ : वालमैत्री अवलोकन भ्रमणको रकम भुक्तानी सम्वन्धमा ।
८. प्रस्ताव नं. ८ : घर नक्सा पास सम्वन्धमा ।
९. प्रस्ताव नं. ९ : आर्थिक सहायता सम्वन्धमा ।
१०. प्रस्ताव नं. १० : मर्मत सम्भारमा वजेट व्यवस्था सम्वन्धमा ।
११. प्रस्ताव नं. ११ : ९ नं. वडामा वटो मर्मत गर्ने सम्वन्धमा ।
१२. प्रस्ताव नं. १२ : वडा नं ५ र वडा नं. ७ मा ह्यूम पाईप जडान गर्ने सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १

रामधुनी नगरपालिका अन्तर्गत १ नं. वडा कार्यालय संचालन भएको भवनमा झुम्का आधारभुत अस्पत्ताल सारी संचालन गर्ने निर्णय भएको र उक्त भवनमा टिकट काउन्टर, फार्मेसी, ल्याव, एक्सरे कोठा लगायतको कक्षहरु निर्माण गरी अस्पत्ताल संचालन गर्न मर्मत सम्भार गर्न आवश्यक भए वमोजिम प्राविधकवाट रु.१९९००००।— को लागत अनुमान पेश हुन आएकोले चालु आ.व.२०८०।०८१ मा समपुरक कोष शिर्षकमा विनियोजित वजेट मध्येवाट रु.१९९००००।— विनियोजन गरी शिलवन्दी दरभाउपत्रको माध्यमवाट झुम्का आधारभुत अस्पत्ताल संचालन हुने भवनको भुईलता र पहिलो तलाको मर्मत सम्भार कार्य गर्ने निर्णय गरियो |

निर्णय नं. २

रामधुनी नगरपालिका वडा नं. १ स्थित भादगाँउ सिनुवारी मा.वि.को भवन भारत सरकारको लगानीमा निर्माण भएको र नेपाल स्थित भारतीय दुतावासको प्रथम सचिव श्री सुमन शेखरवाट मिति २०८१।२।२३ गते समुदघाटन हुने भएको सन्दर्भमा केही वर्ष पहिलानै उक्त भवन निर्माण भएकोमा सो विद्यालय भवनको रंग खुईलिएको हुँदा समुदघाटनको अवसरमा विद्यालय भवनलाई रंगरोगन गर्नु पर्ने भएकोले रामधुनी नगर शिक्षा समितिको मिति २०८१।२।२२ गतेको सिफारिस

वमोजिम चालु आ.व.२०८०।०८१ मा नमूना माध्यमिक विद्यालय व्यवस्थापन शिर्षकमा विनियोजित वजेट मध्येवाट भा.सि. मा.वि.लाई रु.५०००००।— अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

चालु आ.व.२०८०।०८१ मा झुम्का आधारभुत अस्पत्ताल व्यवस्थापन शिर्षकमा विनियोजित वजेट मध्येवाट डिजिटल एक्सरे वीथ सिआर ५०० mA LF मेशिन खरीद गर्नको लागि के कति वजारमूल्य पर्ने हो ? सो सम्वन्धमा अध्ययन गरी ५ दिन भित्रमा प्रतिवेदन गर्न देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

अध्ययन समिति

१. १ नं. वडा अध्यक्ष श्री महेश कुमार चौधरी- संयोजक
२. ४ नं. वडा अध्यक्ष श्री कमल कार्की - सदस्य
३. कार्पालिका सदस्य श्री सोम कुमारी सुनुवार -सदस्य

निर्णय नं. ४

रामधुनी नगरपालिका, ५ नं. वडा कार्यालयको मातहतमा रहेको एम्वुलेन्स संचालन गर्न राखेको एम्वुलेन्सको ड्राईभरले खाईपाई आएको तलव सुविधा नगरपालिका कार्यालयले उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

रामधुनी नगरपालिका अन्तर्गत विभिन्न वडाका पशुपालक किसानहरुवाट निजहरुले पालन गरेका पशुहरुलाई नाम्ले जुका, जुम्रा, किर्ना र डाईरिया रोग लागि सो को नियन्त्रण गर्नको लागि औषधीको माग आएकोले उक्त रोगहरु नियन्त्रण गर्नको लागि चालु आ.व.२०८०।०८१ मा विविध कार्यक्रम शिर्षकमा विनियोजित वजेट मध्येवाट रु.१०००००।— रकम विनियोजन गरी औषधी खरीद गरी पशुपालक किसानहरुलाई निशुल्क वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

रामधुनी नगरपालिका न्यायिक समितिको कार्यविधि सम्वन्धी ऐन,२०७४ लाई संशोधन र एकीकरण गर्नको लागि नयाँ विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमतिका लागि अवधारणा पत्र वैठकमा पेश भई जानकारी भयो ।उक्त सम्वन्धमा वैठकमा पेश भएको अवधारणा पत्र स्वीकृत गरी नयाँ विधेयक निर्माणको लागि सहमति प्रदान गर्ने साथै विधेयक तर्जुमा गरी २०८१ जेष्ठ मसान्त भित्र पेश गर्न विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

बैठक संख्याः ७।२०८१
बैठक मितिः २०८१।२।२२, समयः दिनको ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं. ७</u>

रामधुनी नगरपालिका, ३ नं. वडा कार्यालयको च.नं.२७४७ मिति २०८१।१।१७ गतेको पत्रवाट वडा स्तरीय वजेटवाट वालमैत्री अवलोकन भ्रमणमा रु.१०००००।– वजेट विनियोजन भएकोमा सो वजेट अपुग भएकोले सोही वडाको विविध खर्च शिर्षक तर्फ विनियोजित वजेट मध्येवाट रु.४१०००।– थप गरी भुक्तानी गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u>

नगर कार्यपालिकाको मिति २०८०।६।१७ गतेको वैठकको निर्णयानुसार रामधुनी नगरपालिका वडा नं. ९ बस्ने श्री भगवती कार्की र भरत कार्कीको नाममा साविक डुम्राहा वडा नं. ६(घ) को कित्ता न. ८२९, ७८९, ८२७, ३८१ क्षेत्रफल ०-१६-१९ को जग्गामा मिति २०८०/०१/१७ गते निर्माण इजाजत पत्र लिइएको र फिल्ड निरीक्षण गर्दा स्वीकृति नक्सा बमोजिम नभएको पाइएको र मिति २०८०/०६/१६ गते निजले संशोधित नक्सा पेस गरेको र सो नक्सा ५००० व. फि. क्षेत्रफल भन्दा माथिको भवन भएकोले घर नक्सा पास सम्बन्धि मापदण्ड / कार्यविधि - २०७८ बमोजिम भवनको क्षेत्रफल ५००० व.फि.भन्दा माथि भएको अवस्थामा कार्यपालिका बैठकबाट स्वीकृति लिई सो भवनको Architectural, Structural Drawing र Structural Analysis Report हेर्न प्राविधिक विश्वविद्यालय पठाउने व्यवस्था रहेको र पुनरावलोकनकर्ताले दिएको प्राविधिक प्रतिवेदनको आधारमा भवनको नक्सा पास गर्ने व्यवस्था भएकोले सो को लागि प्राविधिक विश्वविद्यालय IOE, Dharan मा अनुरोध गरी पठाईएकोमा प्राविधिक विश्वविद्यालय IOE, Dharan को च.नं.१७४०/०८०।०८१ मिति २०८१।२।१७ गतेको पत्र मार्फत उक्त घर निर्माणको सम्वन्धमा विशषज्ञ ईन्जिनियर श्री सुमन तिमिल्सिनाले फिल्ड निरीक्षण गर्दा नक्सा डिजाईनमा उल्लेख भए अनुरुप नै संरचना वनेको पाईएको भनी दिएको पुनरावलोकन प्रतिवेदन संलग्न राखी पेश हुन आएकोले सो घरको नक्सा पास गर्ने निर्णय गरियो ।

बैठक संख्याः ७।२०८१
बैठक मितिः २०८१।२।२२, समयः दिनको ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं. ९</u>

निम्न बमोजिमको व्यक्ति/संस्थालाई चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षक/सम्वन्धित कार्यक्रमको शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्न बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो |

<u>तपसिल</u>

| क्र. स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता/राहात रकम/जिन्सी |
|---|---|---|---|---|
| १. | आरती कुमारी चौधरी, वडा नं.५ | नेशनल एथलेटिक्समा सहभागिता सहयोग | २०८१।२।२१ | रु.१००००।- |

<u>निर्णय नं. १०</u>

चालु आ.व. २०८०|०८१ मा समपुरक कोषमा विनियोजन वजेट मध्येवाट रु.२०००००।- मर्मत सम्भार शिर्षकमा लगि मर्मत सम्भारको कार्य संचालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ११</u>

रामधुनी नगरपालिका, ९ नं. वडा कार्यालयको च.नं.१७०७ मिति २०८१।२।२२ को पत्रवाट ९ नं. वडा स्थित मर्चैया पुर्व लवटोलिया मुसहरी र तिनटोलिया मुसहरीमा पर्ने दत्तकिच्चा खोलामा वनेको फलामे ट्रसपुलको पूर्वपट्टि वाटो मर्मत गर्न चालु आ.व. २०८०|०८१ मा समपुरक कोषमा विनियोजन वजेट मध्येवाट रु.५००००।-रकम छुट्ट्याई कार्य संचालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १२</u>

रामधुनी नगरपालिका, ५ नं. वडा स्थित शिवचोक पर्छागाछी सडकको पर्छागाछीमा दुई वटा ह्यूमपाईप जडान गर्न रु.१०००००।-र ७ नं. वडा स्थित खरीटोल जानेवाटोमा स्वरुपलाल चौधरीको घरछेउमा दुईवटा ह्यूमपाईप जडान गर्न रु.१०००००।-गरी चालु आ.व. २०८०|०८१ मा समपुरक कोषमा विनियोजन वजेट मध्येवाट रु.२००००।-रकम छुट्ट्याई कार्य संचालन गर्ने निर्णय गरियो ।